नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष २ ● अंक १८५ ● २०८१ साल जेठ १२ गते शनिबार ● Saturday 25, May 2024 ● सूर्योदयः बिहान ५:१३ बजे ● सूर्यास्तः साँझ ६:५२ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

जग्गा बिक्रीमा
जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर-ढल्केवर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कट्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ । ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.-9817880359

### मल्टीमोडल लजिस्टिक तथा कनेक्टीभिटी समिट

## २१ बुँदे वीरगंज घोषणापत्र जारी




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत मल्टीमोडल लजिस्टिक तथा कनेक्टीभिटी समिट २१ बुँदै वीरगंज घोषणापत्र जारी गरी सम्पन्न भएको छ । घोषणापत्रमा व्यापार तथा औधोगिक नीतिहरु दिर्घकालीन हुनु पर्ने, नेपाल भारत सीमामा आयात–निर्यात कारोबारलाई सहज गर्न पारदर्शी र मर्यादित बनाउन सञ्चालित भन्सार, सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकीहरुको पूर्वाधारमा सुधार गर्नुपर्ने उल्लेख छ ।

व्यापार सम्बन्धि नीतिमा देखिएको भिन्नता र कानुनी जटिलताले व्यापारलाई कठिन बनाउने गरेको तथा व्यापार नीतिहरु अचानक परिवर्तन हुँदा काम गर्न गाह्रो भएको सम्मेलनले निष्कर्ष निकालेको छ । भारतीय बन्दरगाहको उपयोग नेपालका लागि सामुन्द्रीक मार्गसम्मको पहुँचमात्र नभएर भारतीय बन्दरगाहका लागि व्यवसाय समेत भएको सम्मेलनको निष्कर्ष छ । सम्मेलनका सहभागीहरुले अवैध व्यापार नियन्त्रणकालागि सम्पूर्ण भन्साार नाकाहरुमा एक्सरे मेसिनको व्यवस्था हुनु पर्ने र नाकाहरुको व्यवस्थित सञ्चालन गर्नुपर्ने लगायत सुझाव दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश एवम् पिएचडी चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री दिल्ली भारतको संयुक्त आयोजना तथा वीरगंजस्थित भारतीय महावाणिज्य दुतावासको सहकार्यमा सम्मेलन सम्पन्न भएको हो । सम्मेलनमा नेपाल–भारतबीच हुने व्यापार तथा पारवहनको विषयमा दुवै देशका व्यवसायीले भोग्नुपरेका समस्याका बारेमा छलफल हुनुका साथै समस्याहरू समाधानका लागि नेपाल र भारतका सरोकारवाला निकायले पहल गर्नुपर्ने कुरामा वक्ताहरुले जोड दिएका थिए । सम्मेलनलाई सम्बोधन गर्दै भारतीय महावाणिज्य दुतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मिणाले भारत–नेपालबीचको व्यापार बिस्तारका लागि सहयोग गर्दै आएको र आगामी दिनमा समेत त्यसलाई निरन्तरता दिइने बताए । महासंघको मधेश प्रदेश अध्यक्ष अशोक टेमानीले नेपालको आयात निर्यात तथा व्यापार भारतसँग सबै भन्दा बढी हुने गरेको भएपनि खासगरी पारवहन र भन्सारमा रहेका समस्याले नेपाली उद्योगी व्यवसायीले सास्ती भोग्नुपरिरहेको बताए ।

वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले नेपालबाट पनि भारततर्फ मालवस्तुको निर्यात रेल मार्फत सम्भव रहेकोले त्यस्का लागि कन्टेनरको सहज व्यवस्थापन हुनुपर्ने माग गरे । उद्योगी अशोक बैद्यले आयत निर्यातमा हुने गरेको समस्या समाधानका लागि फास्ट ट्र्याक कमिटि गठनको आवश्यक्ता रहेको औंल्याएका थिए ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशिल भट्टले उद्योगलाई नयाँ आयाममा पुर्याउने उद्देश्यले विभिन्न जलविद्युत आयोजना बारे अध्ययन भईरहेको जानकारी दिएका थिए ।

### संसद अवरोध कायमै

# दूरी बढाउँदै सत्तापक्ष र प्रतिपक्ष

**मधेशदृष्टि**
**वीरगंज ।**
शुक्रबारको प्रतिनिधिसभाको बैठक स्थगित भएको छ । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले अवरोध गरेपछि सभामुख देवराज घिमिरेले आइतबार बिहान ११ बजे बस्नेगरी बैठक स्थगित गरेका हुन् । बैठक सुरु हुनासाथ कांग्रेसका सांसदहरूले उठेर विरोध जनाएका थिए । बैठकलाई अगाडि बढाउन पटक पटकको आग्रह गर्दा पनि नटेरेपछि सभामुखले बैठक स्थगित गरेका हुन् । कांग्रेसले सहकारी ठगी प्रकरणमा जोडिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्नको लागि संसदीय समितिको माग गर्दै सदन अवरोध गर्दै आइरहेको छ । समितिको टीओआर टुंग्याउन कार्यदलको बैठक बसे पनि व्यक्तिको नाम राख्ने कि नराख्ने भन्ने कुरा मिल्न नसक्दा संसद चलन सकेको छैन् ।

#### सभामुखलाई महाअभियोग लगाउने चर्चा

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सभामुख देवराज घिमिरेविरुद्ध महाअभियोग लगाउने चेतावनी दिएको छ । पार्टीभित्र र विपक्षी दलहरुको बैठकमा सभामुखलाई महाअभियोग लगाउनेबारे छलफल भएको महामन्त्री विश्वप्रकाश शर्माले पुष्टि गरेका छन् । सभामुखले संसदमा कांग्रेसलागयतका प्रतिपक्षीलाई पेल्न खोजेको महामन्त्री शर्माले आरोप लागएका छन् । उनले भने, ‘सभामुखको भूमिकालाई लिएर, महाअभियोगको प्रस्ताव दर्ता गरौं भन्ने सम्मको कुराबारे छलफल भएको छ । हटाउन नसकिएला तर रोक्न त सकिन्छ नि केही समय ।’ विश्वासको मत लिने बेला सभामुखले नारबाजीबीच सदनको कारबाही अघि बढाएपछि कांग्रेस आक्रोशित छ ।



#### छानबिन समितिको टिओआरबारे आ–आफ्नै अडान

छानबिन समितिबारे छलफल गर्न प्रधानमन्त्री निवास बालुवाटारमा बसेको प्रमुख तीन दलका नेताहरुको बैठक बिना निष्कर्ष टुंगिएको छ । बैठकमा एमाले र कांग्रेसले आ–आफ्नो अडानबाट पछि नहटेपछि समितिको टिओआर बारे निर्णय गर्न नसकिएको एमाले प्रमुख सचेतक महेश बर्तौलाले बताए । संसदीय छानबिन समितिको टीओआरमा गृहमन्त्री रवि लामिछानेको नाम उल्लेख नगर्ने अडान सत्तापक्षले लिएको छ भने कांग्रेस नाम राख्नैपर्ने पक्षमा छ । दुवै दलले एक–अर्कालाई लचिलो बन्न आग्रह गरेका थिए । शनिबार दिउँसो ३ बजे टीओआरसम्बन्धी कार्यदलको बैठक बस्ने भएको छ ।

## सिरोहियालाई थप ३ दिन हिरासतमा राख्न अनुमति

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलास सिरोहियालाई अनुसन्धानका लागि थप तीन दिन थुनामा राख्न जिल्ला अदालत धनुषाले अनुमति दिएको छ । प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत सिरोहियालाई दोस्रो पटकका लागि ५ दिन हिरासतमा राख्न माग गरेको थियो । तर जिल्ला न्यायाधीश रोमा कान्त ज्ञवालीको इजलासले प्रहरीलाई ३ दिन हिरासतमा राख्न अनुमति दिएको श्रेस्तेदार कैलाश भट्टराईले जानकारी दिए । सिरोहियाले कीर्ते गरेर नागरिकता लिएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दर्ता भएको छ । उनले विभिन्न स्थानमा प्रयोग गरेको नागरिकता नम्बर फरकफरक रहेको र उनको नागरिकतामा उल्लेख नम्बरमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट अर्कै व्यक्तिको नाममा समेत नागरिकता जारी भएको दाबी जाहेरीमा छ । जाहेरीमा सिरोहिया गैरनेपाली नागरिक रहेको र उनले नक्कली नागरिकताको प्रयोग गरिरहेको दाबी गरिएको छ । जाहेरीसँगै संलग्न कागजपत्रहरूमा सिरोहियाको २०१९ जन्ममिति राखेर २०३३/०३४ मा धनुषाबाट जारी भएको नागरिक्ताको नम्बर र २०३६ भदौ २० मा जनकपुर उपमहानगर पालिका २ ठेगानाबाट शिवजी साहु तेलीको नाममा जारी भएको नागरिकता नम्बर एकै छ । सिरोहिया विरुद्ध सर्लाहीका इन्द्रजीतप्रसाद महतोले नागरिकता छानबिनको माग गर्दै जाहेरी दिएका थिए ।



**सिरोहियाको पक्षमा मेयरको धर्ना :** कान्तिपुर मिडिया गुरपका अध्यक्ष कैलास सिरोहियालाई विना सर्त रिहा गर्नुपर्ने मांग गर्दै नेपाली कांग्रेस नगर कमिटीले जिल्ला अदालत अगाडि विरोध प्रदर्शन गरेका छन् । उनीहरुले सिरोहियालाई सरकारले पुर्वाग्रही रुपमा फसाएको भन्दै अविलम्ब रिहा गर्दै अदालत अगाडि विरोध प्रदर्शन गरेका छन् । कार्यक्रममा नेपाली काग्रेसका नगर कमिटिका अध्यक्ष एवम् जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह लगायत सहभागि थिए ।

## स्वास्थ्यमन्त्रीद्वारा फिस्टुला निवारण मार्गचित्र सार्वजनिक




**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फिस्टुला निवारणका लागि मार्गचित्र सार्वजनिक गरेको छ । शुक्रबार स्वास्थ्य सेवा विभागमा आयोजित कार्यक्रमबीच स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादव, राज्यमन्त्री हसिना खान, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्रालगायतले मार्गचित्र सार्वजनिक गरेका हुन् । ‘अब्सटे«टिक’ फिस्टुला भनेको योनीबाट निरन्तररूपमा पिसाब वा दिसा दुवै चुहिने समस्या हो । लामो र कठिन प्रसव व्यथाको अवस्थामा, दक्ष प्रसूतिकर्मीबाट समयमा उपयुक्त सेवा नपाउनाले यस्तो समस्या हुने सम्भावना रहन्छ । गम्भीर प्रसव समस्यामध्ये एक फिस्टुलाको उपचारका अभावमा गम्भीर स्वास्थ्य समस्या, सामाजिक भेदभाव र परिवारबाट बहिस्कृत हुन सक्ने सम्भावना धेरै देखिने गरेको छ । यो समस्याबाट वार्षिकरूपमा दुई सयदेखि चार सय नयाँ पीडित हुने गरेका र त्यो संख्या हाल नेपालमा चार हजार तीन सय रहेको मन्त्रालयको तथ्याङ्क छ ।

जनहितका लागि जारी सन्देश
समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपन गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निर्क्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलव्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

*हाम्रो मस्तिष्क नै सबैथोक हो,*
*हामी जे सोच्छौ त्यही बन्छौ ।*
*– गौतम बुद्ध*

## सम्पादकीय

# चुरे संरक्षणमा चासो खोइ

*अन्नको भण्डार मानिएको नेपालको तराई मधेशमा पछिल्लो समय उत्पादकत्वमा कमि आएको छ । तराई मधेशमा मात्र नभइ देशका अधिकांश ठाउँमा कृषियोग्य जमिन बाझो रहने क्रम पनि बढ्दो छ । अर्कोतर्फ देशमा भएको श्रम शक्ति नेपालमा केही पनि हुँदैन भन्ने निरासा बोकेर विदेशिन बाध्य छ । देशमा कृषि कर्ममा संलग्न घरपरिवारको संख्यामा समेत कमि आएको छ । कृषियोग्य जमिनमा उत्पादकत्व बढाउन के कस्ता उपायहरु अप्नाउन सकिन्छ भन्ने विषयमा सरकारसँग पनि प्रष्ट योजनाहरु देखिदैन । अर्कोतर्फ अन्न उत्पादनमा जलवायु परिर्वतनको प्रभाव समेत देखा पर्न थालेको छ । तराई मधेशका अधिकाशं ठाउँमा पछिल्ला वर्षहरुमा पानीका मुहानहरु सुक्दै जाँदा खानेपानीको संकट समेत गहिरिदै गइरहेको छ । हुन त जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया हो । तर, जलवायु परिर्वतनमा देखिन थालेको अस्वभाविक गतिविधीले मानव अस्तित्वलाई नै संकटतर्फ डोर्याइरहेको छ । विश्वव्यापी तापमानको औसत भन्दामाथि बढिरहेको छ । यसका पछाडि मानवीय गतिविधी प्रमुख कारण बनेको छ । मानिसका आवश्यकता पूर्तिका लागि प्राकृतिक स्रोत साधनको दोहनमा मानिस केन्द्रीत हुनु स्वभाविक भए पनि प्रकृतिको संरक्षण गर्ने कुरामा भने ध्यान दिइएको छैन । जसका कारण मानव समुदायका लागि संकटको अवस्था स्वयंम मानव समुदाय आफैले गरिरहेको छ ।*

*चुरे संरक्षणको विषयलाई लिएर पछिल्लो पटक देशकै संघीय राजधानी काठमाडौं केन्द्रीत आन्दोलनहरु भइरहेका छन् । तराई मधेशका विभिन्न जिल्लाबाट आन्दोलनमा सहभागी भएका नागरिकले चुरे संरक्षणको विषय जोडदारका साथ उठाइरहेका छन् । विभिन्न मागहरु राखेर उनीहरुले चुरे दोहन तथा अतिक्रमणले गर्दा पानीको मुहानहरु सुक्न थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् । मधेशका प्रदेश धुनषा, सप्तरी, पर्सा, सर्लाहीलगायतका जिल्लाहरुबाट काठमाडौं पुगेकाकाहरुले पानीको संकट समाधानका लागि चुरेको संरक्षण आवश्यक रहेको भन्दै सरकारसँग पानी मागिरहेका छन् । मधेशमा बढ्दो पानीको समस्यालाई दिर्घकालिन हल गर्न पनि सरकारले ठोस कदम चाल्न आवश्यक छ । त्यसका लागि सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरी ठोस कार्यक्रमहरु ल्याउन जरुरी छ । जसले गर्दा चुरे दोहनलाई रोक्न सकियोस् र चुरेको संरक्षणमा टेवा पुगोस् । त्यसका लागि केन्द्र सरकारले नै पहल थालेर प्रदेश र स्थानीय सरकारसँग पनि हातेमालो गरी कार्यक्रमहरु अघि बढाउनुपर्छ । पछिल्लो समय विशेषगरी चुरे क्षेत्रमा भूमिहीनका नाममा भूमाफियाहरुले नै कब्जा गरिरहेका छन् । त्यसको मारमा लाखौ नागरिक परेका छन् ।*

*जैविक विविधताले पनि महत्वपूर्ण मानिएको चुरेको संरक्षणमा विगतका प्रयासहरु किन असफल भइरहेका छन्, सरकारले नयाँ ढंगले अघि बढ्न आवश्यक छ । चुरेको दोहनको मारमा सबैभन्दा बढी तराई मधेशमा बस्ने नागरिक परेका छन् । उनीहरुका लागि खानेपालीको संकट सबैभन्दा जटिल बन्दै गइरहेको छ । यस क्षेत्रमा अन्न उत्पादनमा कमि आउनुका साथै विभिन्न प्रजातीहरु समेत संकटमा पर्ने जोखिम बढ्दो छ । आजभन्दा करिब डेढ दशक अघिदेखि आजसम्म चुरे संरक्षण कार्यक्रम अन्तरगत अर्बौ बजेट सकिएको छ । तर, चुरे संरक्षणका लागि ठोस कामहरु हुन सकेका छैन । त्यसले अब एक पटक चुरे संरक्षणमा तीन तहकै सरकारबाट हुनसक्ने पहल कदमीकका बारे गम्भीर भएर लाग्ने कि !*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# मृत्युको प्रमुख कारण बन्दैछ मस्तिष्क रक्तश्राव



प्रा डा राजीव झा

मस्तिष्क यस्तो अङ्ग हो, यसमा एकपटक समस्या भएपछि पूर्णरुपमा समाधान हुन कठिन हुन्छ । मस्तिष्क लचकदार एवम् खुम्चन सक्ने प्रकृतिको हुन्छ । यो दहीजस्तो जमेको स्थितिमा हुन्छ । जब मस्तिष्कमा रक्तश्राव हुन्छ, तब त्यसले मस्तिष्कलाई खुम्चिन र फैलन दिँदैन । रगत तरल अवस्थामा भए पनि बाहिर बगेपछि यो ठोस हुन्छ । यसले मस्तिष्कलाई दबाब दिन थाल्छ । जति धेरै रक्तश्राव हुन्छ, उत्ति नै बढी जोखिम हुन्छ । कतिपय अवस्थामा मस्तिष्क रक्तश्रावले तुरुन्तै मान्छेको मृत्यु हुन सक्छ । मस्तिष्कका विभिन्न समस्यामध्ये मस्तिष्क रक्तश्राव(ब्रेन ह्यामरेज) लाई एक प्रमुख जटिल समस्याका रुपमा लिने गरिन्छ । यो एक प्रकारको मस्तिष्कघात (स्ट्रोक) नै हो । मस्तिष्क रक्तश्राव भन्नाले मस्तिष्कभित्रको सानो या ठूलो रक्तनली फुटी मस्तिष्कभित्र रगत जम्नुलाई बुझिन्छ । मस्तिष्कमा रक्तसञ्चार ज्यादा भएर रक्तनली फुटी रक्तश्राव हुनु नै मस्तिष्क रक्तश्राव हो । यसले गर्दा मस्तिष्कघात, पक्षघात वा प्यारालाइसिसजस्ता समस्याहरु निम्त्याउँछ ।

मस्तिष्कघात मृत्युको चौथो वा पाँचौँ नम्बरमा पर्दछ । मस्तिष्क रक्तश्रावले मानव शरीरलाई क्षति पु¥याइ ज्यानसम्म जाने हुन्छ तर समयमै सही उपचार गर्न सकियो भने ज्यान बचाउन सकिन्छ । एकचोटी मस्तिष्कमा असर परिसकेपछि कसैकसैमा शारीरिक दुर्बलता अर्थात् पक्षघात पनि हुनसक्छ । तथापि उपचारपछि बिरामी राम्रो भई पूर्वअवस्थामा फर्केका उदाहरण पनि प्रशस्त छन् । मस्तिष्क रक्तश्रावको प्रमुख कारण उच्च रक्तचाप नै हो । त्यसबाहेक एभिएम, ट्युमर रक्तश्राव र रगत पातलो हुने औषधिको सेवनजस्ता कारणले पनि मस्तिष्क रक्तश्राव हुने गर्दछ । मुटुको रोगमा प्रयोग हुने मस्तिष्कमा रक्तश्राव हुनासाथ सास फेर्न कठिन हुने र पक्षघात हुनसक्ने अवस्था रहन्छ । मस्तिष्क रक्तश्राव भएका १० प्रतिशत बिरामीको मृत्यु हुनसक्छ भने पक्षघात हुने जोखिम ७० प्रतिशतमा हुनसक्छ । मस्तिष्क रक्तश्राव कति भएको छ त्यहीअनुरुप उपचार कति सम्भव छ वा छैन भन्न सकिन्छ । पाँच एमएल मात्र रक्तश्राव भएको छ भने उपचारपछि त्यसको नतिजा सकारात्मक हुन्छ । यदि सय एमएल रक्तश्राव भएको छ भने उनीहरुको दुई घण्टामै मृत्यु हुनसक्ने जोखिम उच्च रहन्छ । मस्तिष्कघात हुने अवस्था दुई किसिमको हुन्छ, मस्तिष्क रक्तश्राव भएर हुने र मस्तिष्कमा रगत आपूर्ति नभएर हुने । यी दुईमध्ये दिमागको नसा सुक्ने समस्या ८५ प्रतिशतमा छ भने १५ प्रतिशतमा मस्तिष्क रक्तश्राव रहेको अनुसन्धानले देखाएको छ । ब्रेन ह्यामरेज वा नसा सुकेमा त्यसले आँखा, कान, घाँटीमा समस्या आउनुको साथै शरीरका कुनै अङ्गमा प्यारालाइसिस हुने, छारेरोग हुनेजस्ता प्रत्यक्ष समस्या देखिन सक्छ । मस्तिष्कमा रगत जाने नली सुक्यो वा बन्द भयो भने यस्तो समस्या हुन्छ । जुन किसिमले यसको समस्या बढ्दैछ आगामी पाँच÷सात वर्षमा एक नम्बरमा पर्ने देखिन्छ । किनकी मानिसहरुको बदलिँदो जीवनशैली, खानपिन, तनावले गर्दा स्ट्रोकको जोखिम उच्च दरमा बढिरहेको छ । जे कारणले मस्तिष्कघात भएको छ, त्यसमा ध्यान दिएमा सजिलै बचाउन पनि सकिन्छ । तर धेरै मानिसमा समस्या थाहा पाएपछि पनि वास्ता नगर्ने प्रवृत्ति छ । उमेर अनुसार स्वास्थ्य जाँच नगर्ने, औषधि सेवन नगर्ने, व्यायाम नगर्ने, खानामा लापरवाही गर्ने, आराम नगर्ने, निन्द्रा नपु¥याउने, तनाव लिनेजस्ता कारणले पनि पछिल्लो समय स्ट्रोकको समस्या बढ्दो छ । मस्तिष्क रक्तश्राबको मुख्य कारण उच्च रक्तचाप नै हो । उच्च रक्तचापको समस्या धेरै छ । रक्तचापको बिमारी जति पुरानो हुँदै गयो, रक्तचाप जति बढ्दै गयो रक्तनलीहरु त्यतिनै पातलो हुँदै खिइँदै जाने हुँदा रक्तनलीमा प्वाल परी फुट्ने र रक्तश्राब हुने जोखिम रहन्छ । कतिपय व्यक्तिले रक्तचाप नियन्त्रण भयो भनेर औषधि छोड्ने गर्दछन् । यस्तो अवस्थामा रक्तचाप अचानक उच्च हुन पुगी नशा फुटी मस्तिष्क रक्तश्राब हुन्छ । त्यसैले उच्च रक्तचापलाई नियन्त्रण गर्न नियमित औषधि खानु पर्दछ । स्ट्रोक भएको साढे चार घण्टामा अस्पताल पु¥याउन सके बिरामीलाई बचाउन सकिन्छ । धेरैले स्ट्रोक भएमा घरमै आराम गराएर राख्ने गर्छन् । नसा फुटेको अवस्थामा पनि शल्यक्रियाबाट उपचार गर्न सकिन्छ ।

**मस्तिष्क रक्तश्रावका लक्षण र उपचार**

मस्तिष्क रक्तश्राव एक आकस्मिक अवस्था हो । यो समस्या अचानक आउँदछ र यसले क्षणभरमै गम्भिर अवस्था ल्याउन सक्छ । टाउको दुख्नेक्रम नियमितरुपमा बढ्दैछ, निद्रा लाग्दैन, बिहान उठ्नेबित्तिकै वान्ता हुन्छ, आँखा हेर्न गाह्रो पर्छ भने स्ट्रोकको लक्षण हो । अचानक टाउको दुख्नु, बेहोस हुनु, बान्ता हुनु, शरीरको एक पाखा नचली पक्षघात हुनु आदि यसका लक्षणहरु हुन् । साथै क्षारेरोगको कम्पन हुनु, बोली नखोल्नु, आँखा, मुख टेँडो हुनुजस्ता समस्याहरु पनि हुन सक्छ । यस्ता लक्षणहरु देखिनासाथ तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ । रक्तश्रावको अवस्थाअनुसार बिरामीलाई औषधि खुवाउने वा शल्यक्रिया गर्ने भन्न सकिन्छ । रक्तश्रावको मात्रा ३० मिलीभन्दा कम छ भने औषधि सेवनबाट पनि ठीक हुन्छ । यदि रक्तश्राव धेरै ठूलो छ र यसको मात्रा ३० मिलीभन्दा धेरै छ र बिरामीको अवस्था पनि नाजुक अवस्थामा छ भने औषधि उपचारले मात्रै ठीक नभई शल्यक्रिया नै गर्नुपर्ने हुन्छ । शल्यक्रियाबाट जमेको रगत निकालिन्छ । अभ्यासमा सयमा ८० जनालाई यसरी औषधिबाटै निको भएको छ भने बाँकी २० जनालाई मात्रै शल्यक्रिया गर्नुपर्ने हुन्छ ।

**नतिजा सन्तोषजनक छैन**

नेपालमा न्युरो रोगको उपचारको अवस्था राम्रो छ । यहाँ जस्तोसुकै शल्यक्रिया पनि गर्न सम्भव छ । शल्यक्रिया मस्तिष्क रक्तश्रावको एक राम्रो उपचार विधि हो । सही समयमा उपचार गरेर यस रोग लागी गम्भिर अवस्थामा पुगेको बिरामीलाई बचाउन सकिन्छ । तर सही समयमा सही शल्यक्रिया नगर्ने हो भने बिरामीको ज्यान उच्च जोखिममा पर्न सक्दछ । शल्यक्रिया हामी सबैको लागि एक आवश्यकता तथा बाध्यता हो रहर होइन । रक्तश्राबको शल्यक्रिया भन्नाले अपरेशन गरेर मस्तिष्कभित्र रहेको रगतको ढिक्कालाई निकालिन्छ । बिरामीको ज्यान बचाउन र शरीरिक क्षतिलाई कम गरी दुर्बल र अपाङ्ग हुनबाट बचाउन शल्यक्रिया गरिन्छ । शल्यक्रियाबाट त्रसित नभई समयमा सही उपचार गरी ज्यान बचाउनका लागि अनिवार्यका रुपमा लिनु पर्दछ । नेपालको उपचार अवस्थालाई विकसित देशहरुको तुलनामा नराम्रो भन्न मिल्दैन तर नतिजा भने सन्तोषजनक छैन । मस्तिष्क रक्तश्राबको समस्या हाम्रोजस्तो विकासोन्मुख मुलुकहरुमा मात्र नभएर अमेरिकाजस्ता विकसित देशमा पनि बढ्दै गएको छ । तर त्यहाँ रोगको लक्षण देख्नासाथ चिकित्सकसँग परीक्षण गरी उनीहरुको सल्लाहअनुसार उपचार गराउँछन् भने हाम्रो जस्तो देशका नागरिकमा रोगलाई महत्व नदिने वा त्यसअनुसार नसासम्बन्धी पालना गर्नुपर्ने अनुशासनतर्फ वास्ता नगर्ने प्रवृत्ति निकै छ । अधिकांश बिरामीहरुको सफल उपचारपछि पनि सामान्य अवस्थामा आउन सकेका छैनन् । अस्पतालबाट डिस्चार्ज हुनेबित्तिकै उनीहरुलाई पुनःस्थापना केन्द्रमा राखेर हेर्नुपर्ने हुन्छ । देशमा सरकारीस्तरमा यस्ता पुर्नस्थापना केन्द्रहरु छैनन्, निजी क्षेत्रबाट स्थापना भएका केन्द्रहरु आर्थिक हिसाबले महङ्गो मात्र होइन, कतिपयले व्यापारिक हिसाबले मात्र सञ्चालन गर्न खोज्दा स्तरीय पनि छैनन् । यस्ता विरामीलाई घरमा लैजाँदा आवश्यक हेरविचार पुग्न सक्दैन । यसले गर्दा बिरामीको छ महिना पनि नपुग्दै मृत्यु हुने गर्दछ । रासस

# हिमाल काग–भुषुण्डीको निवास

हिमालपारिको जिल्ला मुस्ताङमा अवस्थित निलगिरि र म्याग्दीमा पर्ने अन्नपूर्ण हिमाल नजिकको भूगोल पौराणिक पात्र (ऋषि) काग–भुषुण्डीको निवासस्थल रहेको छ । धार्मिकग्रन्थ र संस्कृत साहित्यमा निलगिरि र अन्नपूर्ण हिमालबीचको भागमा भविष्यद्रष्टा सन्त (ऋषि) काग–भुषुण्डी द्धापर युगमा यही आएर बसेका वर्णन गरिएकाले यस क्षेत्रलाई काग–भुषुण्डीको निवास क्षेत्रका रूपमा व्याख्या गरिएको संस्कृतविद् डा जगमान गुरुङ बताउँछन् । दोलखास्थित चरणावती त्रिवेणीधाम विकास तथा प्रवर्द्धन सङ्घले गुरुङलाई ‘नेपाल ऋषि’को उपाधिले सम्मान गरेको छ । संस्कृत साहित्यका महाकवि कालिदासले आफ्नो कृति ‘कुमारसम्भव’मा ‘अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः’ अर्थात् उत्तर दिशामा देवतास्वरूपका हिमालय नामका पर्वतराजहरू विराजमान छन् भनेर वर्णन गरेका छन् । भारतीय संस्कृति र साहित्यका महाकवि गोस्वामी तुलसीदासले श्रीराम चरित्रमानसमा पनि काग–भुषुण्डीको निवास नीलपर्वत (नीलगिरि हिमाल) भएको उल्लेख गर्दै यो हिमालको महिमा गान गरेका छन् । काग–भुषुण्डीलाई कागस्वरूपका एक सन्त ज्ञानी ऋषि मानिन्छ । नेपाल ऋषि प्राध्यापक डा गुरुङले श्रीराम चरित्रमानसमा निलगिरि हिमाल परिसरको सुन्दर वनजङ्गल, पवित्र नदी, सरोवर र स्वर्णमय पर्वत शिखरको वर्णन गरिएको उल्लेख गरे । उनका अनुसार श्रीराम चरित्रमानसमा वर्णित पवित्र नदी कालीगण्डकी हुन् ।

‘वनजङ्गलचाहिँ त्यहाँका देवदारुका जङ्गल हुन् । सरोवरचाहिँ दामोदरकुण्ड हो । निलगिरिबाट दामोदरकुण्डसम्मको भूभाग मुक्तिक्षेत्र हो’, डा गुरुङ भन्छन् । अन्तका काग काला र साना हुन्छन् भने दामोदरकुण्डका काग सेता र ठूला हुन्छन् । दामोदरकुण्डमा पाइने यी सेता कागलाई अहिले पनि काग–भुषुण्डीको स्वरूप मानिन्छ । मधेश र पहाडखण्डमा पाइने कुश दामोदरकुण्डमा उम्रेको पाइन्छ । दामोदरकुण्डका सेता काग र त्यहाँ उम्रेका कुश नेपाललाई प्रकृतिको वरदान भएको उनले बताए ।

**को थिए काग–भुषुण्डी ?**

श्रीराम चरित्रमानसमा उल्लेख भएअनुसार कागको रूपमा देखिने काग–भुषुण्डी भगवान् श्रीरामका परमभक्त थिए । उनलाई भविष्य तथा भूतकालको पूर्ण ज्ञान पहिले नै हुन्थ्यो । उनी समय बन्ने र बिग्रिने पाङ्ग्रालाई देख्न सक्दथे । पुराणमा उल्लेख भएअनुसार सबैभन्दा पहिला राम कथा भगवान् शङ्करले पार्वतीलाई सुनाउँदा काग–भुषुण्डीले सुनेका थिए । रावणको पुत्र मेघनादले रामसँग युद्ध गर्दैगर्दा भगवान् रामलाई नागपाशले बाँधेका थिए । त्यसपछि पक्षीराज गरुडले नागपाशमा बाधिएका सम्पूर्ण नागलाई मारेर भगवान् श्रीरामलाई बन्धनबाट मुक्त गराएका थिए । ‘भगवान् राम नागपाशमा




बाँधिएको देख्दा गरुडलाई बाँधिएका व्यक्ति राम भगवान् हुन् कि होइनन् भन्ने कुरामा शङ्का लाग्यो । गरुडको सन्देहको निवारणका निम्ति नारद ऋषिले उनलाई ब्रह्माजीकोमा पठाए । ब्रह्माजीले शङ्करजीकोमा पठाए । भगवान् शङ्करले पनि गरुडको सन्देहको निवारणका निम्ति काग–भुषुण्डी भएको ठाउँ निलगिरि पर्वतमा पठाएपछि काग–भुषुण्डीले भगवान् श्रीराम चरित्रको कथा सुनाएर गरुड़को सन्देह हटाउनुभएको श्रीराम चरित्रमानसमा उल्लेख गरिएको छ ।

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४, नारच्याङमा पर्ने अन्नपूर्ण प्रथम हिमालको आधारशिविर नजिकै पञ्चकुण्ड ताल र ताल नजिकै काग–भुषुण्डी ऋषिले तपस्या गरेको भनिएको काग–भुषुण्डी डाँडो छ । धार्मिक तथा पर्यटकीय महत्वको पञ्चकुण्ड तालको लम्बाइ झण्डै एक किलोमिटर र चौडाइ दुई सय मिटर रहेको अनुमान गरिएको छ । वरिपरिबाट सुन्दर हिमालय पर्वतले घेरिएको अन्नपूर्णको आधार शिविरमा रहेको पञ्चकुण्ड ताल निलो रङमा देखिन्छ । यो ताल समुद्री सतहबाट चार हजार ५० मिटरको उचाइमा रहेको छ । तालमा अन्नपूर्ण हिमालको प्रतिबिम्ब अर्थात् (छायाँ) देख्न सकिन्छ । तालबाट माथि चार हजार एक सय ९० मिटरको उचाइमा ग्राउण्ड तथा हेलिप्याड र त्यसभन्दा माथि चार हजार तीन सय पाँच मिटरको उचाइमा अन्नपूर्ण प्रथम हिमालको आधार शिविर पर्दछ । तालको छेउबाट निलगिरि र अन्नपूर्णको सबै क्षेत्रलाई अवलोकन गर्न सकिन्छ ।

# मधेश प्रदेशका एमाले नेता तथा कार्यकर्तालाई प्रशिक्षण



**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेशमा नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधि र पार्टी अध्यक्ष तथा प्रदेश पदाधिकारीहरू सम्मिलित तीन दिने प्रशिक्षण शिविर बर्दिबासमा शुरु भएको छ ।

नेकपा एमाले स्थानीय विकास विभाग तथा केन्द्रीय पार्टी स्कूल विभागको र नेकपा एमाले मधेश प्रदेश कमिटीको व्यवस्थापनमा शुरु भएको शिविरको उद्घाटन नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले गरे ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै पोखरेलले विगतको सरकार देश र जनताप्रति उत्तरदायी हुन नसकेका कारण एमालेसहितको नयाँ समीकरण बनेको बताए । उनले नयाँ सरकारलाई सफल बनाउँदै एमाले सामाजिक परिवर्तनको अभियान सफल बनाउन लागेको बताए ।

पोखरेलले एमाले जनताको चाहना पूरा गर्दै आगामी दिनलाई मिसन ८४ मा केन्द्रित गर्न लागेको बताए । मधेश प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता र प्रदेश सचिव मनोज पौडेलको सहजिकरणमा कार्यक्रम सञ्चालन भइरहेको छ ।

# वीरगंज महानगरद्वारा पुँजीगत खर्चमा सुधार




**वीरगंज ।**
वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा चालु र पुँजीगत खर्च गरेर एक अर्ब ७४ करोड रुपैयाँ खर्च गरेको छ । गत आवको तुलनामा पुँजीगत खर्चमा सामान्य सुधार भएको छ । महानगरले चालु आवको १० महिनाको अवधिमा चालु र पुँजीगत गरेर कुल विनियोजित बजेटको ५२ दशमलव सात प्रतिशत खर्च भएको जनाएको छ । महानगरको गत पुसमा भएको नगरसभाले गत असारमा विनियोजित बजेटमा २५ करोड थपेर तीन अर्ब ४६ करोड पु¥याएको थियो । गत असारमा महानगरले चालु आवको लागि तीन अर्ब २१ करोडको बजेट सार्वजनिक गरेको थियो । महानगरले चालु आवको १० महिनाको अवधिमा चालु खर्चतर्फ दुई अर्ब ३८ करोड ५५ लाख बजेट विनियोजन गरेकामा यो अवधिमा चालु खर्चतर्फ एक अर्ब ३४ करोड रुपैयाँ खर्च गरेको छ । महानगरले चालु आवमा पुँजीगत खर्चतर्फ भने ८८ करोड ३९ लाख रुपैयाँ बजेट विनियोजन गरेकामा ३९ करोड २२ लाख रुपैयाँ खर्च गरेको जनाएको छ । 'महानगरको गत पुसमा भएको नगरसभाले २५ करोड रुपैयाँ बजेट थप गर्ने निर्णय ग¥यौँ तर यो आवमा अपेक्षाकृत रूपमा राजस्व सङ्कलन हुनसकेन', वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले भने, 'सङ्घीय तथा प्रदेश सरकारबाट आउने समानीकरण बजेट पनि २५ प्रतिशत रोक्का हुँदा विकास निर्माणका काम प्रभावित भएका छन् । यद्यपि पुँजीगत खर्चमा सामान्य सुधार भएको छ ।' यसैबीच, वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा ३९ करोड ८० लाख ३४ हजार एक सय १९ रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।रासस

# सवारी साधनबाट २ करोड बढी राजस्व




**वीरगंज ।**
जिल्ला ट्राफिक कार्यालय पर्साले चालु आर्थिक वर्षको १० महिनामा ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधनहरुबाट २ करोड भन्दा बढी राजश्व संकलन गरेको छ । चालु आर्थिक बर्षको साउनदेखि बैशाखसम्म जिल्लाका विभिन्न स्थानमा ट्राफिक नियम उल्लंघन गरेकालाई कारबाही गरेर २ करोड १७ लाख १७ हजार ७५६ रुपैयाँ राजश्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख ट्राफिक प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए । उनका अनुसार, उक्त अवधिमा ट्राफिक नियम उल्लंघन गरेका २१ हजार ३ सय ५६ सवारी साधन कारबाहीमा परेका हुन् । तीमध्ये सबै भन्दा बढी ८ हजार ७ सय १ ट्रक चालकलाई कारबाही गरि जरिवाना बापत १ करोड २२ लाख ८७ हजार २ रुपैयाँ राजस्व संकलन गरिएको छ । यस्तै ९ हजार ७ सय ३४ मोटरसाइकल चालकलाई कारबाही गरी ६८ लाख ४ हजार ५१ रुपैयाँ र १ सय ७७ यालुबाहक बसका चालकलाई कारबाही गरेर जरीवाना बापत १ लाख ६७ हजार ५ सय रुपैयाँ राजश्व संकलन गरिएको पर्साका ट्राफिक प्रहरी निरीक्षक खतिवडाले बताए । यसैगरी ट्राफिक नियम उल्लंघन गरेका १ हजार ७ सय २८ वटा हलुका सवारीसाधन (जीप, कार तथा भ्यान)का चालकबाट १५ लाख ८८ हजार ७ सय ३ रुपैयाँ ,३ सय १० ट्याक्टर चालकबाट २ लाख ४७ हजार रुपैयाँ र ७ सय १३ टेम्पु–ईरिक्सा चालकबाट ५ लाख २२ हजार ५०० रुपैयाँ जरिवाना उठाइएको खतिवडाले जानकारी दिए ।

# विद्युत्को बक्यौता साढे तीन अर्ब

**वीरगंज ।**
नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजको चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका उद्योगीसहितका अन्य सबै प्रकारका ग्राहकको बक्यौता रकम तीन अर्ब ४३ करोड २२ लाख २३ हजार चार सय ६१ रकम पुगेको छ ।

गत आवभन्दा चालु आवको १० महिनामा बक्यौता रकम २७ करोड ८१ लाख ९७ हजार चार सय रुपैयाँले बढेको छ । यो बक्यौता रकम ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका पाँच उद्योगीसहित अन्य औद्योगिक, घरासयी ग्राहक र सडकबत्ती बापतको हो । केन्द्रका अनुसार चालु आवको वैशाख मसान्तसम्ममा औद्योगिक ग्राहकको बक्यौता रकम दुई अर्ब २७ करोड १० लाख २२ हजार एक सय ९४ रुपैयाँ रहेको छ । त्यसैगरी सडकबत्तीको बक्यौता रकम २१ करोड २८ लाख ३५ हजार पाँच सय छ रुपैयाँ रहेको छ ।

त्यस्तै घरायसी ग्राहकको बक्यौता रकम पनि ५३ करोड ४५ लाख ६७ हजार एक सय ८७ रुपैयाँ रहेको छ । केन्द्रको गत आवको असार मसान्तसम्ममा बक्यौता रकम तीन अर्ब १५ करोड ४० लाख २६ हजार चार सय ५७ रुपैयाँ पुगेको थियो । प्राधिकरण वितरण केन्द्र वीरगञ्जका प्रमुख अबधेशकुमार दुबेले चालु आवको वैशाख मसान्तसम्ममा विद्युत् महसुल भुक्तानी नगर्ने तीन हजार तीन सय ९६ ग्राहकको लाइन काटेर बक्यौता रकम उठाउँदै आइरहेको बताए ।

'वीरगंज वितरण केन्द्र मातहत पाँचवटा ट्रङ्कलाइन तथा डेडिकेटेडलाइनबाट बिजुली लिएका उद्योगी रहेकाले पनि बक्यौता रकम उच्च देखिएको हो', उनले भने, 'यो वर्ष हामीले कम्तीमा चार हजार घरको बिजुलीको लाइन काटेर बक्यौता उठाउने कोसिस गरिरहेका छौँ ।' केन्द्रले बक्यौता मासिक नतिर्ने तीन सयभन्दा धेरै ग्राहकको घरको बिजुली काट्दै आइरहेको छ । कार्यालय प्रमुख दुबेका अनुसार मासिक विद्युत्को महसुल तिर्नुपर्छ भन्ने चेतना अभावका कारणले पनि महसुल तिर्न आनाकानी गर्दै आइरहेका छन् ।

'करिब ४० प्रतिशत ग्राहकले मात्रै नियमित समयमा महसुल तिर्दै आइरहेका छन्', उनले भने, 'छिमेकीले बिजुलीको महसुस नतिरेपछि लाइन काटियो भन्ने हल्लागाउँभरि फैलिएपछि मात्रै महसुल तिर्न आउने पनि भेटिन्छन् । त्यसैले पनि बक्यौता उठाउने कार्यलाई कडाइपूर्वक अघि बढाउँदै आइरहेका छौँ । गत आवको अन्त्यसम्म औद्योगिक ग्राहकको बक्यौता रकम दुई अर्ब तीन करोड ६२ लाख ११ हजार सात सय ६९ रुपैयाँ रहेको थियो ।

सोही वर्ष सडकबत्ती बापतको बक्यौता १८ करोड ६७ लाख ७८ हजार १० रुपैयाँ रहेको छ । घरासयी ग्राहकको बक्यौता रकम ५३ करोड ७४ लाख ५३ हजार सात सय ८८ रुपैयाँ रहेको थियो ।रासस

# उत्खनन् र अनुसन्धानको पर्खाइमा मुक्तेश्वर मन्दिर



**सर्लाही ।**
धार्मिक पर्यटनको प्रशस्त सम्भावना बोकेको सर्लाहीको बरहथवा नगरपालिकास्थित मुक्तेश्वर महादेव मन्दिर उत्खनन र अनुसन्धानको पर्खाइमा छ । बरहथवा नगरपालिका–९, मुर्तियामा रहेको ऐतिहासिक मुक्तेश्वर मन्दिर प्रचारप्रसार अभावमा ओझेलमा परेको हो । विभिन्न दस्तावेजमा उल्लेख भएअनुसार २६ सय वर्ष पहिला भक्तपुरको तलेजु भवानी मन्दिरसँगै गयासुद्धिन भन्ने भारतका शासकले यस मन्दिर पनि भत्काइदिएका थिए । तलेजु भगवतीको मन्दिर भत्काएर फर्कने क्रममा बाटोमा रहेको यस मन्दिरसमेत ध्वस्त बनाई दिएको स्थानीय जानकारको भनाइ छ । बजेट अभावमा यो मन्दिरको संरक्षण हुन सकेको छैन । बजेट अभावमा पुनःनिर्माण हुन नसक्दा मन्दिर परिसरमा रहेका ऐतिहासिक संरचनासमेत जीर्ण अवस्थामा पुगेका वडाध्यक्ष तुलसीप्रसाद लुइँटेलले बताए । पूर्व–पश्चिम राजमार्गबाट १० किलोमिटरको दूरीमा रहेको यस मन्दिरमा दैवी शक्ति रहेको स्थानीय विमला कार्कीको भनाइ छ । विशेष गरेर यस मन्दिरमा साउनको सोमबार र शिवरात्रिमा भक्तजनको बाक्लो घुइँचो लाग्ने गर्दछ । मन्दिर दर्शनका लागि भारतका विभिन्न स्थानबाट समेत भक्तजन आउने गर्दछन् । बरहथवा नगरपालिका–९, स्थानीय ८२ वर्षीया चन्द्रनिधि तिवारीले तत्कालीन अवस्थामा यस क्षेत्र चीन र भारतको व्यापारीक केन्द्र सुवर्णग्राम सहरको रुपमा रहेको कौटिल्य शास्त्रमा उल्लेख रहेको बताउँछन् । गयासुद्धिनले मन्दिर र सहरमा आक्रमण गरेपछि यस क्षेत्र जङ्गलमा परिणत भएको उनको भनाइ छ । यस मन्दिर आसपासमा अझै पनि बुद्धकालीन इँटाहरु फेला पर्ने गरेको छ । मन्दिर परिसरमार रहेका संरचनामध्ये मूल मन्दिरको पुरातत्व विभागले पुनःनिर्माण गरेको थियो । सोही क्रममा मन्दिरमा प्रयोग भएको कलात्मक ढुङ्गामा २६ सय वर्ष पुरानो बोलीचालीको भाषा ब्रह्म लिपी फेला परेको हो । विभागका तत्कालीन योजना प्रमुख रामबहादुर कुँवरको नेतृत्वमा भएको उत्खनन तथा पुनःनिर्माणका क्रममा ढुङ्गाको ब्लकमा ब्रह्म लिपी अर्थात पाली भाषा कुदिएको फेला परेको थियो । 'मन्दिर बनाउन प्रयोग गरेको ढुङ्गामा पाली भाषामा लेखिएको भेटियो', वडाध्यक्ष लुइँटेलले भने, 'काम गर्ने मन्दिर बनाउने कर्मीले पक्कै त्यतिबेलाको बोलीचालीको भाषा नै ढुङ्गामा कुदेको हुनुपर्छ ।' यस क्षेत्रमा चार फिट गहिरो खन्ने बित्तिकै ८÷८, ११÷११, १२÷१२ आकारका बुद्धकालीन इँटा फेला पर्ने गरेको स्थानीय रामकुमार नेपालले बताए । मन्दिरको तीन किलोमिटर दक्षिणमा लौकठ, हीरापुर लगायतको गाउँ रहेको थियो । उक्त गाउँमा बागमतीलगायत विभिन्न नदीको बाढी पसेपछि २०११ सालमा स्थानीय बासिन्दा यस मन्दिर नजिकै बसाई सरेका थिए । गाउँ बढ्दै जाँदा यस मन्दिरको संरचना फेला परेको स्थानीय ७४ वर्षका कृष्ण कडरियाले जानकारी दिए । उनका अनुसार २०२२ सालमा स्थानीयको पहलमा मन्दिर क्षेत्र सरसफाइ तथा यत्रतत्र रहेका मन्दिरका मूर्ति, गजूरलगायतका सामान जम्मा गरेर मन्दिर स्थापना गरिएको थियो । मन्दिरको तीन सय मिटरदेखि तीन किलोमिटरको दूरीमा समकालीन चक्रेश्वर महादेव मन्दिर, गणेश मन्दिर, कटकुईया (काठको पानी खाने डुँड), पोखरी, गुलरिया ताल, किसनपुर पोखरी, ब्रह्मनाल गुफालगायतको संरचना अहिले पनि छन् । यी संरचना संरक्षणको अभावमा नष्ट हुने अवस्थामा पुगेका वडाध्यक्ष लुईटेलले बताए । मन्दिर परिसरमा रहेको १० फिट गहिरो ४२ फिट लामो टनेलसमेत संरक्षण हुन नसक्दा भत्किने अवस्थामा पुगेको छ । बजेट अभावमा यस मन्दिर क्षेत्रको उत्खनन र पुनःनिर्माण पूरा हुन नसकेको बरहथवा नगरपालिकाले जनाएको छ । ठूलो धनराशि लाग्ने भएपछि मन्दिर क्षेत्रको पहिलो चरणको पुनः निर्माण गरेर अरु त्यसै छाडिएको छ । स्थानीय तहको पहलमा २०७२÷७३ सालदेखि मन्दिरको मुख्य संरचनाको पुनःनिर्माण सुरु भएको थियो । दुई पटक गरेर पुरातत्व विभागले पहिलो पटक एक करोड रुपैयाँ र दोस्रो पटक पाँच करोड ३२ लाख रुपैयाँ लगानीमा मूल मन्दिरको पुनः निर्माण गरेको हो । विभागले सात वर्ष लगाएर मन्दिरको पुनःनिर्माण तथा उत्खनन गरेको थियो । विभागले गरेको अनुसन्धानबाट लुम्बिनीको मायादेवी मन्दिरमा फेला परेकै भाषा र जमिनमुनिको इँटा यस मन्दिर परिसरमा पनि फेला परेको हो । यस अर्थमा पनि यो मन्दिरको संरचना पनि समकालीन रहेको दाबी गरिएको छ । यस मन्दिरको संरचना पुनःनिर्माण तथा यस क्षेत्रको उत्खननका लागि पुरातत्व विभागबाहेक कतैबाट बजेटको व्यवस्था नभएको नगरपालिकाका प्रमुख कल्पनाकुमारी कटुवालले बताइन् । बजेट नभएकै कारण धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको यस मन्दिरको प्रचारप्रसार तथा संरक्षण र पुनःनिर्माणका बाँकी काम अलपत्र परेको उनको भनाइ छ ।रासस

# नेपालमा कोरोना भाइरसको नयाँ सव भेरियन्ट पुष्टि




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालमा कोरोना भाइरस ओमिक्रोन भेरियन्टको नयाँ सव भेरियन्ट भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस सङ्क्रमित ४२ जना जिन सिक्वेन्सिङ गर्दा 'केपी १' 'केपी २' 'केपी ३' र 'केपी ४' पुष्टि भएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी दिए । उनका अनुसार गत अप्रिल र मे महिनामा सातवटै प्रदेशबाट नमुना सङ्कलन गरी जिन सिक्वेन्सिङ गरिएको थियो । तीमध्ये १२ जनामा 'केपी १', १७ जनामा 'केपी २', एक जनामा 'केपी ३' र एक जनामा 'केपी ४' दखिएको उनले जानकारी दिए ।

'यो नयाँ भेरियन्ट होइन । ओमिक्रोन भेरियन्टकै सव भेरियन्ट हो ।

यसलाई नयाँ नाम मात्र दिइएको हो', उनले भने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले 'केपी' प्रजातिको भेरियन्ट सङ्क्रामक नभएको बताए । 'केपी प्रजातिको भेरियन्ट त्यति सङ्क्रामक छैन । यसको प्रभाव खासै छैन', उनले भने । ४२ वटा परीक्षणमा प्रयोगशालाका ओमिक्रोन (जेएन १) सात जनामा ओमिक्रोन (बीए २), दुई जनामा देखिएको छ ।

# ५७ जिल्लामा फैलियो डेङ्गु सचेतना अपनाउन आग्रह

डेङ्गु रोगको सङ्क्रमण ५७ जिल्लामा देखिएको छ । मौसम परिवर्तनसँगै पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण पनि बढ्न थालेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले पानी पर्न थालेपछि मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको जानकारी दिए । उनका अनुसार ५७ जिल्लामा नौ सय चार जनामा सङ्क्रमणमा देखिएको छ । उनले पानी पनि पर्न सुरु भएकाले डेङ्गुको जोखिम बढ्ने भएकाले सचेतना अपनाउन आग्रह गरे । 'पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण पनि बढ्छ', उनले भने, 'त्यसैले सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न पानी जम्न नदिने र लामखुट्टे मार्ने अभियान सञ्चालन गर्नुपर्दछ ।' गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो ।

डेङ्गु हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदिजस्ता लक्षण देखा पर्दछन । लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न मन्त्रालयले अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिनु हुँदैन ।

# एक दशकदेखि हरियाली वीरगंजको अभियानमा प्रकाश खेतान



प्रकाश खेतान, संस्थापक अध्यक्ष
ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र

*‘प्रकृतिलाई कसरी जोगाउने र प्रकृतिलाई हामीले के दिन सक्छौँ भन्नेमा हामी सचेत भएर काम गर्नुपर्छ । बोटविरुवा रोपेर पानीका स्रोतको संरक्षण गर्न सकिन्छ । प्रकृति संरक्षण गर्नसके मात्र मानव अस्तित्व जोगाउन सकिन्छ भन्ने कुरा सबैले बुझ्न जरुरी छ ।’*

**महेश कठायत**
**वीरगंज ।**
औद्योगिक र व्यापारिक दृष्टिकोणले परिचित वीरगंजका आफ्नै विशेषता छन् । पुरानो र गौरवपूर्ण इतिहास बोकेको वीरगंजको चर्चा गर्न लायक थुप्रै विषयहरु भेटिन्छन् । कुनै समय फोहोरले गर्दा दुर्गन्धित शहरको उपमा पाएको वीरगंजले अहिले त्यसलाई गलत साबित गरिदिएको छ । ‘स्वच्छ सफा हराभरा वीरगंज’ महानगरपालिको नारा बनेको छ । यही नारालाई सार्थक तुल्याउन तथा वीरगंजलाई हराभरा बनाउने अभियानमा जोडिएको एउटा नाम हो, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर वीरगंज । जसको नेतृत्व गर्दै आएका छन्, जय प्रकाश खेतान ।

ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले विगत एक दशकदेखि स्वास्थ्य, सरसफाइ र वातावरण संरक्षणलगायतका क्षेत्रमा काम गर्दै आइरहेको छ । ग्रीन सिटीले कुनै बेला वीरगंजको आदर्शनगर क्षेत्रलाई मात्रै विशेष जोड दिएर काम गर्दै आएको थियो । किनभने त्यो बेलामा ग्रीन सिटीलाई काम गर्ने क्षेत्राधिकार नै सीमित दिइएको थियो । तर, अब ग्रीन सिटी आदर्शनगरमा मात्र नभइ हरियाली वीरगंजको अभियानमा जोडिएको छ । ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका संस्थापक अध्यक्षसमेत रहेका जय प्रकाश खेतानलाई वीरगंज महानगरपालिकाले वातावरण हरियाली तथा सरसफाइ समितिको संयोजकको जिम्मेवारी सुम्पेको छ । २०७९ पुस महिनामा वीरगंज महानगरले वातावरण हरियाली तथा सरसफाइ समितिको संयोजकको जिम्मेवारी दिएपछि खेतानको कार्यक्षेत्र फराकिलो बनेको छ । ग्रीन सिटीले विगतदेखि नै वातावरण संरक्षणका लागि गर्दै आइरहेको काम कारवाहीलाई हेरेर महानगरले आफूलाई वातावरण हरियाली तथा सरसफाइ समितिको संयोजकको जिम्मेवारी दिएको जय प्रकाश खेतान सुनाउँछन् । मधेशदृष्टिसँगको कुराकानीमा उनी भन्छन्, ‘मेरो नेतृत्वमा ग्रीन सिटीले विगमा गरेका कामलाई हेरेर २०७९ पुस महिनाको १८ गते मलाई वीरगंज महानगरको वातावरण हरियाली तथा सरसफाइ समितिको संयोजकको जिम्मेवारी दिइयो ।’ त्यसबेला स्वच्छ सफा हराभरा वीरगंज बनाउन आफूहरु सक्रिय भएर लाग्ने तर त्यस्ता काममा राजनीतिकरण भने नहोस भनेर महानगरसँग आग्रह गरेको उनी सुनाउँछन् । महानगरले दिएको






जिम्मेवारीलाई बोध गरी सोही बम्मोजिम कामहरु गर्दै आइरहेको उनी बताउँछन् । सरसफाइको कुरामा वीरगंज पहिलेको तुलनामा अहिले धेरै नै परिवर्तन भएको महसुस सबैले गरेको उनको भनाइ छ ।

हुन पनि कुनै समय वीरगंजको खाली ठाउँहरुमा फोहोरको डंगुर हुन्थ्यो, तर अहिले खाली ठाउँहरुमा पनि हरियाली देखिन्छ । यसका लागि ग्रीन सिटीको भूमिका पनि उत्तिकै प्रसंशायोग्य नै छ । अझै वातावरणको संरक्षणका सवालमा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र स्थानीय तहसँग मात्रै नभइ राष्ट्रिय चुरे संरक्षणसँग पनि हातेमालो गर्दै आइरहेको छ । विगत करिब चार वर्ष अघिदेखि नै ग्रीन सिटीले राष्ट्रिय चुरे संरक्षणसँगको सहकार्यमा विभिन्न ठाउँहरुमा वृक्षारोपणका कामहरु समेत गर्दै आइरहेको छ ।

### ...अनि शुरु भयो ग्रीन सिटीको अवधारणा

आजभन्दा करिब ११ वर्ष अघि २०७० सालतिर जय प्रकाश खेतानसहित केही साथीहरु आफ्नै घरआँगनमा फूलहरु र बोटविरुवा रोप्न गर्दथ्ये । घरआँगनलाई स्वच्छ सफा र हराभरा राख्न बोटविरुवा रोप्न थालेपछि टोलका अन्य छिमेकीले पनि सोही कुरालाई अनुसरण गर्दै गए । त्यसपछि टोलका केही घरपरिवार मिलेर बोटविरुवा रोप्न थालेको जय प्रकाश खेतान सम्झिन्छन् । त्यतिञ्जेलसम्म ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना भएकै थिएन । २०७२ सालमा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना हुनुमा प्रमुख दुई जना पात्रको नाम जोडिएको घटना जय प्रकाश खेतान सुनाउँछन् । ती हुन्, तत्कालिन समयमा पर्सा प्रहरीमा कार्यरत प्रहरी उपरीक्षक (एसपी) राजुबाबु श्रेष्ठ र तत्कालिन वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु कोइराला ।

जय प्रकाश खेतान विगतलाई सम्झिदै भन्छन्, ‘त्यो बेला उहाँहरु दुबै जना (राजुबाबु श्रेष्ठ र विष्णु कोइराला) मा वीरगंजका लागि केही गरेर जाऔँ भन्ने चाहना थियो । वीरगंजलाई परिवर्तन गर्न उहाँहरुले वीरगंजवासीको साथ खोजिरहेका थिए । राजबाबु श्रेष्ठले धेरै संघसंस्थालाई गुहार्नु पनि भयो । तर, ६ महिनासम्म धेरैलाई गुहार्दा पनि कुनै नतिजा आउन सकेन ।’ उनी अगाडि थप्छन्, ‘त्यो बेला एक दिन राजुबाबु श्रेष्ठ ‘मर्निङ वाक’मा आइरहेका बेला हामीलाई बिहान दुई/चार वटा विरुवाहरु रोपिरहेको देखुभयो । अनि हामीलाई बोलाउनु भयो । एसपी श्रेष्ठले ‘प्रहरी मेरो साथी’ भन्ने श्लोगनलाई राखेर प्रहरीसँगै मिलेर काम गर्दा अझै सहज हुने सल्लाह दिनुभयो ।’ एसपी श्रेष्ठको कुरामा सहमति जनाएपछि ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रको औपचारिक शुरुवात भएको जय प्रकाश खेतानले सुनाए । उनी भने, ‘हामीले त्यो बेला धेरै चासो राखेका थिएनौँ । तर, उहाँ (राजुबाबु श्रेष्ठ)ले नै विधी विधान बनाइ दिनुभयो । २१ सदस्यको समिति गठन गरिदिनुभयो । तीन वटा जनपथ प्रहरीसहित चार वटा कर्मचारीको व्यवस्था मिलाइदिनु भयो । हामीले पनि त्यो कुरालाई स्वीकार गर्दै काम गर्न थाल्यौँ ।’

तत्कालिन एसपी श्रेष्ठ र प्रशासकीय अधिकृत कोइरालाको चाहना अनुरुप अहिलेसम्म पनि ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रले समाजका लागि इमानदार भएर काम गरिरहेको खेतान बताउँछन् । ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रको औपचारिक शुरुवात भएपछि नागरिक र प्रहरीबीचको दूरीलाई समेत कम गर्न मद्दत मिलेको उनले सुनाए । हुन पनि आजभोलि सानोतिनो घरझगडा, वादविवाद, घरेलु हिंसा जस्ता कतिपय स्थानीयवासीका समस्याहरु यही सेवा केन्द्रमा समाधान हुने गरेका छन् । ‘ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना भए पश्चात स्वास्थ्य, सरसफाइ, खेलकूद, शिक्षादेखि लिएर समाजमा आइनपर्ने हरेक परिस्थितीसँग लड्ने तरिकाले काम गर्न थाल्यौ’ जय प्रकाश खेतानले सुनाउँछन्, ‘कोराना महामारीका बेला पनि अप्ठ्यारोमा परेकाहरुका लागि हामीले थ्रुपै कामहरु समेत गर्यौ । आजसम्म पनि हामी हरेक आइपर्ने परिस्थितीसँग जुधेर काम गर्दै अघि बढिरहेका छौँ ।’

### सामाजिक क्षेत्रको सक्रियता

वि.स.२०३२ सालमा वीरगंजमा जन्मिएका जय प्रकाश खेतानको रुचि समाजसेवामा कम व्यापार व्यवसायमा बढी थियो । वीरगंजको त्रिभुवन स्कूलमा विद्यालय शिक्षा अध्ययन गरेका खेतान एसएलसी उत्तिर्णपछि व्यापार गर्न थाले । २०४९ सालतिर खेतानले भारतको पटनाबाट अगरबत्ति ल्याएर व्यापार शुरु गरे । त्यो बेला बैंकबाट ऋण लिएर व्यापार शुरु गरेका खेतानले व्यापारमा घाटा बेहोर्नु पर्‍यो । तर, त्यो बेला व्यापार घाटामा जाँदा पनि आफूले हिक्मत नहारेको उनी सुनाउँछन् । स्नातकसम्मको अध्ययन पूरा गरेका खेतान अहिले पनि अगरबत्तिको व्यापार गर्दै आइरहेका छन् । आफ्नो व्यापारसँगै सामाजिक कार्यमा पनि उनको सक्रियता उत्तिकै छ । स्नातकसम्म अध्ययन पछि सरकारी जागिरतिर ध्यान दिनु भएन ? भन्ने प्रश्नको जवाफमा उनी भन्छन् ‘पहिलेदेखि नै चाहना थियो आफ्नै काम गर्छु, तर जागिर खादिनँ । पान दोकान खोल्छु, चिया पनि बेच्छु आफ्नै काम गर्छु, सरकारी जागिर खाँदैन भन्ने सोच थियो । त्यसैले पनि मैले सरकारी जागिरतिर ध्यान दिइनँ ।’ आफ्नो काम गर्ने बाँकी समय सामाजिक कार्यमा सक्रिय हुने गरेको छु ।’

शुरुवाती दिनहरुमा सामाजिक कार्यमा लाग्दा जय प्रकाश खेतानलाई घरपरिवारले साथ दिएका थिएनन् । त्यो बेला कतिपयले उनलाई समाजसेवा ‘बेकारको काम’ हो भनेर सुनाउँथे । त्यसैले होला त्यो बेला उनलाई समाजसेवा नै गर्छु भन्ने पनि लागेको थिएनँ । तर, पनि उनी सामाजिक कार्यमा भने सक्रिय हुँदै गए । त्यो बेलाको विगत सम्झिदै प्रकाश खेतान भन्छन्, ‘राम्रो काम गर्दा पनि कसैले घरमा गएर ‘तिम्रो बेटा त नाली सफा गर्दै छ’ भनेर सुनाइ दिन्थ्ये । अरु काम छैन भन्ने कुरा सुन्नु पर्दथ्यो । घरपरिवारलाई पनि सम्झाएर सामाजिक काममा अग्रसर भइयो । अहिले सबैले समाजसेवालाई सही तरिकाले बुझेकोमा खुसी लाग्छ ।’ सामाजिक कार्यहरुमा सक्रिय हुँदै आएका खेतानलाई आजभोलि समाजसेवा नै उनको काम जस्तो बनेको छ । ग्रीन सिटीले गर्दै आइरहेको वातावरण हरियाली तथा सरसफाइलगायतका सामाजिक कार्य देखेर धेरैले उनको कामको प्रशंसा गरेका छन् । जसले गर्दा उनलाई सामाजिक कार्यमा सहभागि बन्न थप उर्जा मिलेको छ ।

आगामी दिनमा वीरगंजलाई हरियाली बनाउने सोचका साथ वृक्षारोपणका कामहरु गर्दै आइरहेका प्रकाश खेतान भन्छन्, ‘प्रकृतिलाई कसरी जोगाउने र प्रकृतिलाई हामीले के दिन सक्छौँ भन्नेमा हामी सचेत भएर काम गर्नपर्छ । बोटविरुवा रोपेर पानीका स्रोतको संरक्षण गर्न सकिन्छ । प्रकृतिलाई जोगाउन सकिएन भने मानव अस्तित्व नै खतरामा पर्छ भन्ने कुरा सबैले बुझ्न जरुरी छ ।’ अब गण्डकदेखि परवानीपुरसम्म, पावर हाउसदेखि ड्राइपोटसम्मको खाली ठाउँ लगायत अन्य खाली ठाउँमा पनि वृक्षारोण गर्ने योजना रहेको उनले सुनाए । वीरगंजलाई स्वच्छ सफा र हरियाली बनाइ ‘वीरगंज हेर्न जाऊ’ भन्ने गरी पर्यटकीय गन्तव्य बनाउने कुरामा उनले विशेष जोड दिएका छन् ।

## झुठो विवरणका आधारमा नागरिकता लिएका आमा–छोरा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
झुठो विवरण पेश गरी नेपाली नागरिकता लिएका आमा–छोरालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगर निवासी अमन जलान भन्ने अमन चौधरी (अग्रवाल) र उनका आमा अंजु चौधरीलाई प्रहरी चौकी आदर्शनगरले पक्राउ गरेको हो । २३ साउन २०८० मा बसेको मन्त्रीपरिषद्को बैठकले अमन चौधरी (अग्रवाल) ले झुठो विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय पर्साबाट लिएको नागरिकता रद्द गरी कारबाही गर्ने निर्णय गरेको थियो । जिल्ला प्रशासन कार्यालय पर्साबाट २५ कार्तिक २०७७ मा चौधरीले वंशजको नेपाली नागरिकता लिएका थिए । मन्त्रीपरिषद्को निर्णयअनुसार जिल्ला प्रशासन कार्यालय पर्साले ३१ भदौ २०८० मा भारतीय नागरिक अमन चौधरी (अग्रवाल) को नागरिकता रद्द गरेको थियो । असोज २०८० मा पक्राउ पुर्जी जारी भएपछि उनी फरार रहेका थिए । विशेष सूचनाको आधारमा प्रहरी चौकी आदर्शनगरले उनीहरुलाई शुक्रबार बिहान प्रक्राउ गरेको हो । दुवै जनाविरुद्ध नागरिकता सम्बन्धी कसूरमा कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## बोक्सी आरोपमा महिला कुट्ने पुरुष पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बोक्सीको आरोप लगाएर महिलालाई कुटपिट गर्ने पुरुष पक्राउ परेका छन् । पक्राउ पर्नेमा पाल्पाको बगनासकाली गाउँपालिका–९, बस्ने २९ वर्षका पदम बस्याल छन् । पक्राउ परेका बस्यालमाथि नजिकैको छिमेकी एक महिलालाई निलडाम हुने गरी कुटपिट गरेको आरोप लागेको छ । गत जेठ ६ गते बिहान पीडित महिला भैँसीलाई लागो लागेको भन्दै झारफुक गर्न घरमा अक्षता लिएका बेला बस्यालले महिलालाई नै बोक्सी भनेर कुटपिट गरेको पीडितको भनाइ छ । बस्यालले महिलाको आँखामा बोक्सी छ भनेर लौरो र हातले कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । पक्राउ परेका बस्यालमाथि बोक्सीको आरोप कसुरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

## चुरे संरक्षणको माग गर्दै काठमाडौँमा धर्ना





**मधेशदृष्टि**
**वीरगंज ।**
चुरेक्षेत्र संरक्षणसहित १२ बुँदे माग राखेर मधेश चुरे क्षेत्रका विभिन्न जिल्लाका २३ जना काठमाडौँको माइतीघरमा धर्ना बसेका छन् । शुक्रबारदेखि चुरे दोहन, अतिक्रमण र दोहनले खानेपानीका स्रोत सुक्दै जाँदा मधेशमा विकराल समस्या देखिन थालेको भन्दै स्थानीय आन्दोलित भएका हुन् । सप्तरी, धनुषा, पर्सालगायत जिल्लाबाट पैदलै हिँडेर उनीहरु २५औं दिनमा बिहीबार काठमाडौँ पुगेका हुन् ।

पैदल यात्राका क्रममा सहभागीहरूले प्लास्टिक र टिनको भाँडोमा ‘पानीका लागि रुख बचाऊँ, पानी दे सरकार, चुरे र वनको संरक्षण गर’लगायतका नारा उल्लेख गरेका थिए । उनीहरुको आन्दोलनमा वातावरण विज्ञानको विद्यार्थीहरुले ऐक्यवद्धता जनाएका छन् ।

## उपराष्ट्रपति यादवसँग इजरायलका राजदूतको भेट

**मधेशदृष्टि**
**वीरगंज ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि इजरायलका राजदुत हानान गोडर गोल्डबर्गरले शिष्टाचार भेटवार्ता गरेका छन् । उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार भएको भेटमा दुई पक्षीय सम्बन्ध, कृषि तथा श्रम क्षेत्रमा सहयोगलगायत आपसी हित र चासोका विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ । सो अवसरमा उपराष्ट्रपति यादवले नेपाल र इजरायलबीच १ जुन १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएयता मित्रता, सद्भाव, समझदारी र सहयोगको सम्बन्ध रही आएको उल्लेख गरे ।



‘इजरायलले विभिन्न विषयमा छात्रवृत्ति, रोजगारी, कृषि तथा सहकारी क्षेत्रमा नेपाललाई गरेको सहयोग प्रशंसनीय छन्’, उनले भने । उपराष्ट्रपति यादवले भने इजरायल सरकारले नेपाली युवाहरु (खासगरी महिला) लाई ‘केयरगिभर’ सेवा क्षेत्रमा रोजगारीका अवसर उपलब्ध गराएकामा धन्यवाद दिएका थिए । उनले बहुपक्षीय सम्बन्धको चर्चा गर्दै नेपाल मध्यपूर्वमा शान्ति, अमनचयन र स्थिरताको पक्षमा सधैँ रहिआएको बताए ।

इजरायलका राजदूत गोल्डबर्गरले नेपाल र इजरायलबीच विभिन्न क्षेत्रमा समानता रहेको उल्लेख गर्दै दुई देशको सम्बन्ध वर्षौंयता सुमधुर र प्रगाढ रहेको बताए । हमासले बन्दी बनाएका विपिन जोशीको रिहाइको विषयमा इजरायल सरकार हरसम्भव प्रयासरत रहेको उनले बताए । इजरायलबाट एउटा प्रतिनिधिमण्डल नेपाल आएर विपिनको घरमै गई परिवारलाई भेट्ने कार्यक्रम पनि रहेको उनले जानकारी गराए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन